आधारभूत तह (कक्षा ४-५) को परिमार्जित पाठ्यक्रम, २०७८ मा आधारित विशिष्टीकरण तालिका

(नमुना प्रश्नपत्रसमेत)

नेपाली

(पृष्ठपोषण प्रति)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

पाठ्यक्रम विकास केन्द्र

विशिष्टीकरण तालिका (सैद्धान्तिक मूल्याङ्कन)

विषय : : नेपाली

कक्षा: ४ र ५ **पूर्णांक : ५०** **समय : २ घण्टा**

क. सं.	क्षेत्र (पढाइ र लेखाइ)	परीक्षणीय पक्ष	ज्ञान	बोध	प्रयोग	उच्च दक्षता	प्रश्न सङ्ख्या र अङ्क भार			स्पष्टीकरण
							जम्मा प्रश्न	उत्तर दिनुपर्ने प्रश्न सङ्ख्या	अङ्क भार	
१.	शब्दभण्डार	शब्दार्थ	१				१	१	२	पाठमा प्रयोग भएका कुनै चारओटा शब्द (मौलिक ३, आगन्तुक १) दिई तिनको अर्थसँग मिल्दो शब्द दिएर खाली ठाउँ भर्न लगाउने
		शब्द पहिचान	१				१	१	२	पर्यायवाची १, विपरीतार्थी १, अनेकार्थी/ श्रुतिसमभिन्नार्थी १, समावेशक/लघुतावाची /सिङ्गो / सङ्क्षिप्त शब्द १ पर्ने गरी सङ्केतबमोजिम खाली ठाउँ भर्न लगाउने
		वाक्यमा प्रयोग			१		१	१	३	मौलिक / आगन्तुक/ प्राविधिक/ पारिभाषिक शब्दबाट १, शिष्टाचार/पेसा/ नाता /गहना/नापतौल आदि क्षेत्रका शब्दबाट १, अनुकरणात्मक र निपात मध्येबाट १ पर्ने गरी जम्मा ३ ओटा शब्द दिई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउने
२.	वर्णविन्यास	शुद्धीकरण			१		१	१	२	ब/व १ , श/ष/स १, पञ्चम वर्ण १, ह्रस्व /दीर्घ १ गरी ४ ओटा बहुवैकल्पिक प्रश्न सोध्ने
					१		१	१	२	एउटा शब्दमा एउटा मात्र अशुद्धि पर्ने गरी ह्रस्व १, दीर्घ १, लेख्य चिह्न १, पदयोग/पदवियोग /चन्द्रबिन्दु/शिरबिन्दु/य/ए/ऋ/रि/छय/क्ष आदिबाट १ पर्ने गरी ४ ओटा अशुद्धि भएका वाक्य दिई शुद्ध पार्न लगाउने
३.	भाषिक संरचना	शब्दवर्ग पहिचान			१		१	१	२	नाम, सर्वनाम, विशेषण र क्रियापद पर्ने गरी अनुच्छेद दिई रेखाङ्कित शब्दको पदवर्ग पहिचान गर्न लगाउने
					१		१	१	२	क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपातमध्येबाट कुनै ४ ओटा शब्द पर्ने गरी शब्दवर्ग जोडा मिलाउन लगाउने
		विभक्ति पहिचान			१		१	१	२	उपयुक्त विभक्ति राखेर खाली ठाउँ भरी ४ ओटा वाक्य पूरा गर्न लगाउने
		काल पहिचान			१		१	१	३	वर्तमान, भूत र भविष्यत् कालबाट १/१ ओटा पर्ने गरी कुनै

पाठ्यक्रम विकास केन्द्र

										३ ओटा प्रश्न सोधेर सङ्केतका आधारमा वाक्य परिवर्तन गर्न लगाउने
		पदसङ्गति			१		१	१	३	लिङ्ग सङ्गति, वचन सङ्गति, पुरुष सङ्गति र आदर सङ्गतिमध्ये कुनै ३ ओटाबाट १/१ ओटा प्रश्न सोधी पद सङ्गति मिलाउन लगाउने
४.	बोध	बोध प्रश्नोत्तर		१			१	१	४	गद्य विधाबाट बढीमा १०० शब्दसम्मको अनुच्छेद (अदृष्टांश) दिई एक वाक्यमा उत्तर आउने खालका तथ्यपरक, सन्दर्भबोधक, प्रतिक्रियाबोधक र शब्दभण्डारसँग सम्बन्धित ४ ओटा प्रश्न सोध्ने
५.	पाठगत बोध	सन्दर्भमा आधारित अतिसङ्क्षिप्त उत्तरात्मक (पाठगत पठनबोध अति छोटो)		१			२	२	४ + ४	निम्नबमोजिम दुई प्रश्न सोधी उत्तर दिन लगाउने : (क) पाठ्यपुस्तकका कथा वा कविता विधाबाट सन्दर्भ दिई त्यसका आधारमा विषयवस्तु लेख्ने, घटना वर्णन, मूल भाव वा सन्देशसम्बन्धी एक वा दुई वाक्यमा उत्तर दिने खालका अतिसङ्क्षिप्त उत्तरात्मक ४ प्रश्न सोध्ने (ख) पाठ्यपुस्तकका जीवनी, निबन्ध/नियात्रा, रूपकमध्ये कुनै एक विधाबाट सन्दर्भ दिई त्यसका आधारमा विषयवस्तु लेख्ने, घटना वर्णन, मूल भाव वा सन्देशसम्बन्धी एक वा दुई वाक्यमा उत्तर दिने खालका अतिसङ्क्षिप्त उत्तरात्मक ४ प्रश्न सोध्ने
६.	आशय वर्णन	गद्य र पद्य पाठका विशिष्ट पङ्क्ति				१	२	१	३	कविता र कथा पाठमध्येबाट १, प्रबन्ध/नियात्रा, जीवनी, रूपक विधाका पाठमध्येबाट १ पर्ने गरी कुनै दुई विशिष्ट पङ्क्ति दिई कुनै एकको आशय वर्णन गर्न लगाउने (**पाठगतबोध र आशय वर्णनमा सोधिने विधागत क्षेत्र नदोऱ्याउने**)
७.	व्यवहारिक लेखन	चिठी/ शुभकामनापत्र				२	२	१	३	घरायसी चिठी र शुभकामनापत्र गरी दुईओटा प्रश्न सोध्ने र कुनै एउटाको उत्तर लेख्न लगाउने
८.	निर्देशित रचना	कथा/ जीवनी लेखन				१	१	१	३	बुँदाका आधारमा जीवनी वा कथामध्येबाट कुनै एक प्रश्न सोधी उत्तर लेख्न लगाउने
		संवाद लेखन				१	१	१	३	छओटा खाली ठाउँ दिई उपयुक्त सन्दर्भ वा विषयवस्तु लेखेर दुई जनाबिच भएको संवाद पूरा गर्न लगाउने
९.	स्वतन्त्र लेखन	निबन्ध लेखन				१	३	१	३	आत्मपरकबाट १ र वस्तुपरकबाट २ ओटा पर्ने गरी कुनै तीन शीर्षक दिने र तीमध्ये कनै एक शीर्षकमा ७५ शब्दमा नघटाई निबन्ध लेख्न लगाउने

पाठ्यक्रम विकास केन्द्र

नमुना प्रश्नपत्र

कक्षा : ४ **विषय : नेपाली**

समय : २ घण्टा **पूर्णाङ्क : ५०**

विद्यार्थीले उत्तर दिँदा सिर्जनात्मक र मौलिक तरिकाले उत्तर दिनुपर्ने छ ।

१. दिइएका अर्थसँग मिल्ने शब्द खाली ठाउँमा लेख्नुहोस् : **(२)**

कुञ्ज, छाया टुप्पी, कल्की, अँध्यारो, वक्ता

(क) प्रकाश छेकिँदा पर्ने ओझेल

(ख) चराको टाउकामा हुने सिउर

(ग) लहरा वा पातहरूले ढाकिएको ठाउँ

(घ) भन्ने वा बोल्ने व्यक्ति

२. खाली ठाउँमा मिल्दो शब्द भर्नुहोस् : **(२)**

(क) 'निधो' को उस्तै अर्थ दिने शब्द ..... हो । (नियम, उपाय, टुङ्गो)

(ख) 'साँझ' को उल्टो अर्थ दिने शब्द ..... हो । (रात, बिहान, दिउँसो)

(ग) 'शीत' को उस्तै उच्चारण हुने शब्द ..... हो । (सित, शिव, शीतल)

(घ) 'गा.पा.' को पूरा रूप ..... हो । (गाउँले पारा, गाउँ पालिका, गाई पालुवा)

३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् : **(३)**

अनलाइन, पाउजु, मुसुक्क

४. शुद्ध शब्द छानेर लेख्नुहोस् : **(२)**

(क) हजुरबुवा हजुरबुबा हजुरवुबा हजुरवुवा

(ख) ससाना सशाना षसाना सषाना

पाठ्यक्रम विकास केन्द्र

(ग) जंगली जन्गली जम्गली जङ्गली

(घ) प्रविधी प्रवीधि प्रविधि प्रवीधी

५. दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् : (२)

एक दिन कीसानले बारीमा मकै तरकारि र फलफूल लगाय ।

६. रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस् : (२)

उसले कापीमा राम्रा चित्र बनाएर शिक्षकलाई देखायो ।

७. जोडा मिलाउनुहोस् : (२)

क्रियायोगी	ल
नामयोगी	तर
संयोजक	आज
निपात	आहा
	सित

८. उपयुक्त विभक्ति राखी खाली ठाउँ भर्नुहोस् : (२)

(क) स्वप्निल..... खाजा खायो । (ले, लाई, बाट)

(ख) तिमी घर..... बस्छौ । (लाई, बाट, मा)

(ग) म साथी..... बोलाउँछु । (ले, मा, लाई)

(घ) उसले पसल..... कलम किन्यो । (लाई, बाट, ले)

९. दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् : (३)

(क) ऊ किताब पढ्छ । (भविष्यत् काल)

(ख) तपाईं घरतिर जानुहुन्छ । (भूत काल)

(ग) माधव क्रिकेट खेल्ने छन् । (वर्तमान काल)

१०. तल दिइएका वाक्यलाई सङ्गति मिलाई लेख्नुहोस् : (३)

(क) हामी कम्प्युटर चलाउँछु ।

पाठ्यक्रम विकास केन्द्र

(ख) साथीहरू बगैंचामा बस्छ ।

(ग) भाइ चित्र बनाउने छे ।

११. दिइएको अनुच्छेद पढी उत्तर लेख्नुहोस् : (४)

छठ नेपालमा मनाइने पर्व हो । यो पर्व मिथिला क्षेत्रमा श्रद्धाभावका साथ मनाइन्छ । अहिले यो पर्व देशैभरि धुमधामले मनाइन्छ । व्रतालुहरूका भाकल वा मनकामना पूरा गर्न यो व्रत बस्ने गरिन्छ । यस पर्वमा सूर्यको उपासना र आराधना गरे मनोकामना पूरा हुने विश्वास गरिन्छ । यस पर्वमा भगवतीको पूजा हुन्छ । व्रतालुहरूले यस पर्वमा परिवारका सबैको कल्याणको कामना गरी व्रत बस्छन् । प्रत्येक वर्ष कार्तिक शुक्ल पक्षको पञ्चमीका दिनदेखि व्रत आरम्भ हुन्छ । पञ्चमीको दिन शुद्ध भई व्रतका लागि तयार हुन्छन् । षष्ठीको दिन निराहार व्रत बस्ने गर्दछन् । साँझमा अस्ताउँदो सूर्यलाई अर्घ दिने गरिन्छ । सप्तमीको दिन बिहान सूर्योदय हुनु पहिले नै तलाउमा गई सूर्य पूजा हुन्छ । उदाउँदो सूर्यलाई अर्घ दिएपछि पूजा समापन हुन्छ ।

प्रश्नहरू

(क) छठमा केको पूजा गरिन्छ ?

(ख) यो पूजा किन गरिन्छ ?

(ग) छठ पूजा कसरी समापन हुन्छ ?

(घ) 'सूर्य' र 'पर्व' शब्दको अर्थ लेख्नुहोस् ।

१२. दुवै प्रश्नको उत्तर लेख्नुहोस् : (४+४=८)

(क) तलको कथाको अंश पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

नन्दबाबाको कुरा सुनेपछि कृष्णले भने, "मानिस, पशुपन्छी र अन्य सबै प्राणीले आफ्नो आफ्नो काम गर्नुपर्छ । कामअनुसार नै कर्मको फल पनि भोग्नुपर्छ । पहाड, खोलानाला, बादल, बोटबिरुवा र प्रकृतिको आआफ्नो महत्त्व छ । हाम्रै गाउँमा गोवर्द्धन पर्वत छ । यहाँ रुखबिरुवा र वनस्पति छन् । यही पर्वत र वनस्पतिका कारण हाम्रो प्रकृति स्वच्छ भएको हो । यसै कारण हामी बाँचेका छौँ । प्रकृतिकै कारण समयमा वर्षा भएको छ । यहाँको हावा स्वच्छ भएको छ । अन्नबाली सप्रिएको छ । त्यसैले हामीले इन्द्रको होइन, गोवर्द्धन पर्वत र वनस्पतिको पूजा गर्नुपर्छ ।"

प्रश्नहरू

(अ) मानिसले केको फल भोग्नुपर्छ ?

(आ) प्रकृति स्वच्छ हुनाको कारण के हो ?

(इ) कसका कारण समयमै वर्षा भएको छ ?

(ई) हामीले केको पूजा गर्नुपर्छ ?

(ख) तलको निबन्धको अंश पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

कुरिलो पोसिलो तरकारी हो । कुरिलाका टुसालाई तरकारीका रूपमा प्रयोग गर्न सकिन्छ । कुरिलाका टुसा उमालेर रस बनाई खान सकिन्छ । यसका टुसालाई अचार र सलादका रूपमा पनि प्रयोग गर्न सकिन्छ । कुरिलामा भिटामिन ए र भिटामिन सी प्रशस्त मात्रामा पाइन्छ । यसमा फाइबर र क्याल्सियम पनि पाइन्छ । कुरिलो सबैका लागि लाभदायक तरकारी हो । यो विभिन्न रोग लागेका बिरामीका लागि पनि निकै उपयोगी हुन्छ ।

प्रश्नहरू

(अ) कुरिलाका टुसालाई केका रूपमा प्रयोग गरिन्छ ?

(आ) कुरिलामा कुन भिटामिन पाइन्छ ?

(इ) कुरिलाका फाइदाहरू के के हुन् ?

(ई) कुरिलो कसका लागि उपयोगी हुन्छ ?

१३. कुनै <u>एक</u> प्रश्नको आशय वर्णन गर्नुहोस् : **(३)**

(क) फूल भन्छ सधैँ मलाई मिठो वास छर
काँडैकाँडा बिचमा पनि मुस्कुराउने गर ।

(ख) खेलाडी राष्ट्रका गहना हुन् ।

१४. कुनै <u>एक</u> प्रश्नको उत्तर दिनुहोस् : **(३)**

(क) आफ्नो विद्यालयको वर्णन गरी साथीलाई चिठी लेख्नुहोस् ।

(ख) तपाईंले मनाउने कुनै चाडपर्वको अवसरमा दिइने शुभकामना सन्देश तयार पार्नुहोस् ।

१५. खाली ठाउँ भरी कथा पूरा गर्नुहोस् : (३)

एउटा गाउँमा जादुगर बस्थ्यो । .....ले सर्प समात्थ्यो । .....लाई बाँसको ढुङ्ग्रामा बन्द गरेर राख्थ्यो । एक दिन मुसो .....को घरभित्र पस्यो । मुसो भोकाएको ..... । मुसो खाना खोज्दै थियो । .....ले ढुङ्ग्रो भेटायो । मुसाले .....को मुख काट्यो । ..... ढुङ्ग्राभित्र पस्यो । सर्पले मुसालाई भेटायो । सर्पले .....लाई एकै गाँस बनायो । मुसो खान पाएर ..... मक्ख पऱ्यो । सर्प .....बाट फुत्कियो । सर्प खुसी भयो ।

१६. 'खेलकुदको महोत्व' शीर्षकमा हजुरबुबा र नातिनीबिचको संवाद पूरा गर्नुहोस् : **(३)**

शारदा : हजुरबुबा, नमस्कार !

हजुरबुबा : .....

शारदा : हजुरबुबा, खेलकुद भनेको के हो ?

पाठ्यक्रम विकास केन्द्र

हजुरबुबा : .....

शारदा : .....

हजुरबुबा : .....

शारदा : .....

हजुरबुबा : .....

१७. कुनै <u>एक</u> शीर्षकमा ७५ शब्द नघटाई निबन्ध लेख्नुहोस् : **(३)**

(क) मेरो साथी

(ख) राष्ट्रिय जनावर गाई

(ग) तिहार

-o-

पाठ्यक्रम विकास केन्द्र

आधारभूत तह (कक्षा ४-५) को परिमार्जित पाठ्यक्रम, २०७८ मा आधारित विशिष्टीकरण तालिका

(नमुना प्रश्नपत्रसमेत)

English

(पृष्ठपोषण प्रति)

Curriculum Development Centre

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

English
Test Specification Chart for External Examination
(Grade 4-5)

The final examination is based on the written test which covers reading and writing skills. Grammar is incorporated in writing section. The test follows the following test specification chart.

Reading (25 marks)	**Writing[1] (25 marks)**
Assessment of reading skill follows the following structure: 1. Reading 1: One short reading text from textbook with one type of comprehension question (5 marks) 2. Reading 2: One short reading text from textbook with one type of comprehension question. (5 marks) 3. Reading 3: One short reading text not given in the textbook with one type of comprehension question. (5 marks) 4. Reading 4: One short reading text not given in the textbook with two types of comprehension questions. (10 marks) • Text types for reading 3 and 4 will be of any two from story, essay, timetable, schedule, menu, chart, calendar, notice and letter. • Length of the reading texts should not exceed 150 words. • Question types for the reading test will be: ○ True/False ○ Fill in the gaps ○ Multiple choice ○ Matching ○ Ordering ○ Short answer questions Types of items should not be repeated. There should be at least one reorganization and one simple inferential question in each reading task. Reading task 4 should include the testing of vocabulary.) (Each question carries 1 mark)	Assessment of writing skill follows the following structure: 1. Punctuation: A short and simple paragraph containing ten punctuation errors. (5 marks) 2. Controlled writing: A short and simple paragraph where students are required to fill in with the words given in a separate box. The omitted words should be noun, pronoun, adjective, adverb and verb. (5 marks) 3. Guided writing: Writing a short paragraph based on the given clues (text or pictures). (5 marks) 4. Free writing: A personal letter/an email or leave application or a paragraph describing a picture, place or thing. (5 marks) 5. Grammar: 5 marks Multiple choice questions (with three to four alternatives) covering any five of the following contents will be included in grammar: ○ Articles ○ Prepositions ○ Tense ○ Connectives ○ Pronouns ○ Adjectives ○ Questions ○ Comparatives and Superlatives ○ Adverbs ○ Modals

Curriculum Development Centre

[1] In case of writing tasks, give the tasks that are included in the course of the respective grades.

Model Test Paper
English
(Reading and writing)

Grade: 4 **F. M.: 50**
Time: 2 hours
Attempt all the questions.

1. **Read the text and write True or False for the given statements. (5X1=5)**

Nepal and Switzerland are both small countries with high mountains. Nepal is bigger than Switzerland. Nepal has the Himalayas and Switzerland has the Alps. Many tourists visit both countries. Both countries have lakes, but Switzerland has many bigger lakes. The lakes in Nepal are smaller. Both Nepal and Switzerland do not touch the sea, but Switzerland is closer to the sea. Nepal has Mt. Everest; Switzerland has Monte Rosa. Mt. Everest is taller than Monte Rosa. In fact, Mt. Everest is the highest mountain in the world. Both countries have unique flags. The Nepali flag is triangular, but the Swiss flag is square with a white cross.

a. Nepal and Switzerland are the same in size.
b. The lakes in Switzerland are smaller.
c. Switzerland is nearer to the sea.
d. Monte Rosa is a mountain in Nepal.
e. Both countries have similar flags.

2. **Read the text and answer the given questions. (5X1=5)**

Once there was a very funny man. His name was Jeha. He had five donkeys. He didn't want any more donkeys because his donkeys were the best in the land. Some people wanted to buy his donkeys. But Jeha did not want to sell any of them. He liked his donkeys very much and he was kind to them. He could even speak to his donkeys.
One day, Jeha took his donkeys to a nice field in the country. They ate the tall green grass there. Jeha slept for a long time on the grass. When he woke up, it was night.
He quickly called his donkeys, "You have eaten enough. Now, let's go home." The donkeys walked after Jeha. On the way, Jeha looked back and counted his donkeys. He counted them three times. He did not want to lose any of them.

a. How many donkeys did Jeha own?
b. Why did Jeha not want to sell his donkeys?
c. Why did he take his donkeys to a field?
d. How long did Jeha sleep for?
e. Why did he count the donkeys three times?

3. **Read the given email and complete the sentences with the words/phrases from it. (5X1=5)**

To: nitin@gmail.com

From: james@gmail.com

Subject: Hi

Hi Dom,

How are you? I'm fine. I'm at home, of course, because of lockdown. I'm still studying by computer. I have four hours of online class every day and then I work on projects. Actually, it's quite good. We can do a lot of things by computer. I, read books, and have discussions with the other students. I enjoy those discussions because I'm

Curriculum Development Centre

alone most of the time. Dad and mum both work all day. I can't leave my town or visit friends, so I work! I work much harder than I did at school!
I miss playing football, but I'm keeping active. I go jogging once a day. But I'm watching a lot of videos too.
I'm going to work on my father's farm tomorrow. I don't know anything about farming, but it will be great to be somewhere different!
Hope you are well,

James

a. James is at home because of …….
b. He spends four hours on …….
c. His father and mother go to work all day so he is ……. most of the time.
d. James can't go to visit his …….
e. James father works on a ……..

4. Read the text and do the given tasks. 10

Famous people's first jobs

Not all famous people were born into famous families. A lot of them had normal lives before becoming famous. They also had jobs like the rest of us. Here are just a few.
Former President Obama worked at an ice-cream parlour selling ice-cream cones. He was in high school in Hawaii and said it was quite hard. He also said that the job taught him about hard work and how to spend time with work, friends and family.

Brad Pitt had a strange job when he was younger. He worked as a chicken! His job was to dress up like a chicken and wave at the cars on the road.

Maybe the strangest path in life was that of Pope Francis. When he was young in Argentina, he worked several jobs before dedicating his life to religion. He worked as a cleaner sweeping floor, a chemical tester at a laboratory and as a bouncer at a bar! Yes, the pope was the person responsible for security at a bar in case anything wrong happened. Can you imagine?

A. These words are from the above text. Complete the following sentences with them. (5 X 1 = 5)

famous hard strange wave bouncer

a. Why did you ……. at him? Do you know him?
b. His clothes are not usual. He likes ……. clothes.
c. Rajesh Hamal is known to all. He is very …….
d. Working in the field is not easy. It's a ……. work.
e. A ……. throws out people who cause trouble in a restaurant.

B. Choose the correct answer. (5 X 1 = 5)

a. What did Obama sell?
i. ice-cream ii. chicken iii. chemical
b. Who pretended to be an animal
i. President Obama ii. Brad Pitt iii. Pope Fancis
c. Who learned a lot from their job?
i. President Obama ii. Brad Pitt iii. Pope Fancis
d. Who worked in advertising?
i. President Obama ii. Brad Pitt iii. Pope Fancis
e. What was Pope's role in the bar?
i. sweeping floor ii. testing chemicals iii. providing security

5. Punctuate the following text. (5 X 1 = 5)

Curriculum Development Centre

Curriculum Development Centre

Scoring Guideline
English

1. Award 1 mark for each correct answer.
Answers
1a. False
1b. False
1c. True
1d. False
1e. False

2. Award 1 mark for each correct answer.
Answers
2a. five
2b. because his donkeys were the best (in the land)
2c. to graze them
2d. a long time
2e. because he didn't want to lose any of them

Award 1 mark for each correct answer.
Answers
3a. lockdown
3b. online class
3c. alone
3d. friends
3e. farm

4. Award 1 mark for each correct answer.
Answers
4Aa. wave
4Ab. strange
4Ac. famous
4Ad. hard
4Ae. Bouncer
4Ba. i. ice-cream
4Bb. ii. Brad Pitt
4Bc. iii. Pope Francis
4Bd. ii. Brad Pitt
4Be. iii. providing security

5. There are five mistakes. Award 1 mark for each correction.
The corrected text:
Rinku**,** **N**itu and Raman are going to change their school this year**.** **T**hey will join Suvakanya Secondary School**.**

6. Award 1 mark for each correct answer.
Answers: long time, saw, He, pebbles, quickly

7 & 8. Follow the rubrics given in the table below to determine the level. If it's level 1, award 1. If it's level 2, award 3. If it's between level 1 and 2, award 2. If it's level 3, award 4 and if it's level 5, award 5.

Sample answer for 7:

Now, you are at the airport. Come out of the airport to the road. Turn left and go along the road. You will find Grand Street. From there, turn right. Go straight again. You will find a turning. From there, turn right. You'll see the hotel on your right.

Sample answer for 8:

Curriculum Development Centre

Dear Nitu, Thank you very much for your lovely gift on my birthday. It's a nice pen. I like it very much. I'll keep it forever. Thank you again! Nila

Level	Description of standards
1	• One or two ideas are related to the topic (Does not meet the word limit) • Multiple grammatical errors which may impede meaning • No attempts made to use compound sentences • Frequent errors in punctuation and spelling • Limited range of vocabulary • No use of cohesive devices
2	• Elaborates the topic with some ideas in considerable length. • Uses simple grammatical structures. • Some errors in punctuation and spelling • Attempts made to use a range of vocabulary with some errors though these do not impede meaning • Use of simple cohesive devices/ cohesion (and, but)
3	• Ideas related to topic are elaborated in paragraphs • Writes in the range of word limit. • Attempts made to use some complex structures. • Very few errors in punctuation and spelling. • Attempts made to use a range of vocabulary with few errors though these do not impede meaning. • Uses appropriate format • Use of simple cohesive devices/ cohesion so links between ideas are often missing (more than and, but)
4	• Content fully covered in a range of word limit. • Answer is original, creative and to the topic. • Good control of simple grammatical structures with an attempt to use complex grammatical structures with negligible errors. • Negligible errors in punctuation and spelling. • Uses a wide range of vocabulary. • Use of cohesive devices/ cohesion as required • Uses appropriate format

9a. an
9b. in
9c. go
9d. mine
9e. can't

-o-

Curriculum Development Centre

आधारभूत तह (कक्षा ४-५) को परिमार्जित पाठ्यक्रम, २०७८ मा आधारित विशिष्टीकरण तालिका

(नमुना प्रश्नपत्रसमेत)

गणित

(पृष्ठपोषण प्रति)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

पाठ्यक्रम विकास केन्द्र

विशिष्टिकरण तालिका

कक्षा ४ र ५

२०७९

S.N.	Areas	Total working hour	Knowledge (16%)		Understanding (24%)		Application (40%)		Higher ability (20%)		Total number of items	Total number of questions	Total Marks
			Number of items	Marks	Number of items	Marks	Number of items	Marks	Number of items	Marks			
1.	Geometry	25	1	1	2	2	2	3	1	2	6	2	8
2.	Arithmetic	60	3	3	3	4	4	7	2	4	12	4	18
3.	Mensuration	35	1	1	2	2	3	5	1	2	7	2	10
4.	Statistics	15	1	1	1	2	2	2	1	1	5	2	6
5.	Algebra	25	2	2	2	2	2	3	1	1	7	2	8
		160	**8**	**8**	**11**	**12**	**13**	**20**	**6**	**10**	**38**	**12**	**50**

द्रष्टव्य :

- प्रश्नपत्र निर्माण गर्दा प्रत्येक क्षेत्रमा र समग्रमा ज्ञान, बोध, प्रयोग र उच्च दक्षताका लागि तोकिएअनुसारका भार मिलेको हुनुपर्दछ। तर संज्ञानात्मक तहमा २ अङ्कसम्म घटबढ हुन सक्नेछ।
- सन्दर्भ दिएर प्रश्नहरु निर्माण गर्नुपर्नेछ। प्रत्येक प्रश्नमा एकभन्दा बढी संज्ञानात्मक तहका उपप्रश्नहरु समावेश गर्न सकिनेछ।
- **Application** र **higher ability** तहका प्रश्नहरु निर्माण गर्दा सम्बन्धित क्षेत्रका अलावा अन्य क्षेत्रका विषयवस्तुसँग सम्बन्धित प्रश्नहरु पनि रहन सक्नेछन्।
- हरेक क्षेत्रअन्तर्गत रहेका सबै उपक्षेत्रका विषयवस्तुहरु समानुपातिक रुपमा समावेश हुनेगरी प्रश्नहरु निर्माण गर्नुपर्ने छ।

नमुना प्रश्नपत्र, २०७९

कक्षा ४

समय : 2 घण्टा पूर्णाङ्क : 50

1. एउटा रेखाखण्ड AB दिइएको छ ।



(क) प्रोट्याक्टरको सहायताले A र B मा $60^\circ/60^\circ$ को कोण खिच्नुहोस् । **2A**

(ख) A र B मा कोण बनाएका रेखाहरु काटिएको बिन्दुलाई C नामाकारण गर्दा बन्ने त्रिभुज ABC का तीनओटा कोणहरु र भूजाहरुको सम्बन्ध कस्तो बन्यो ? लेख्नुहोस् । **2H**

2. तल एउटा षडमुखाको आकृति दिइएको छ ।

(क) षडमुखाको शीर्षबिन्दु कतिओटा हुन्छन् ? **1K**

(ख) A लाई शीर्षबिन्दु भनिन्छ भने ED लाई के भनिन्छ ? **1U**

(ग) उक्त षडमुखाको माथिल्लो सतहको नाम लेख्नुहोस् । **1U**

(घ) उक्त षडमुखाको किनाराको लम्बाइ कति हुन्छ ? नापेर लेख्नुहोस् । **1A**

3. श्रीकृष्ण एउटा कार किन्न कारको शोरुममा गएछन् । उनले किन्न चाहेको कारको मूल्य रु. 2025400 तोकिएको रहेछ ।

(क) 2025400 मा 5 को स्थान र स्थानमान कति हुन्छ लेख्नुहोस् । **2U**

(ख) उक्त कारको मूल्यलाई राष्ट्रिय पद्धतिअनुसार अल्पविराम प्रयोग गरी अङ्कमा लेख्नुहोस् । यसलाई अक्षरमा पनि लेख्नुहोस् । **2A**

4. सुशिलले गाँउमा बाख्रापालन गर्ने सोच बनाएछन् । उनीसँग रु 35,750 छ । उनको छत्रदेव गाउँपालिकाले कृषि अनुदान कार्यक्रम अन्तर्गत रु 50,000 सम्म अनुदान दिने नीति बनाएको छ ।

(क) गाउँपालिकाले दिने रकम सहित सुशिलसँग जम्मा कति रकम हुन्छ, पत्ता लगाउनुहोस् । **1A**

(ख) बाख्राका 6 ओटा पाठाहरु किन्न रु 25854 र बाख्राको खोर बनाउन रु 42756 खर्च भएछ भने सुशिलसँग अब कति रकम बाँकी रहन्छ ? **2A**

(ग) यदि सुशिलले बाख्राका 3 ओटा पाठाहरु थप्न चाहे भने उनीलाई कति रकम पुग्दैन ? **2HA**

5. दायाँको चित्रमा पेम्बाको प्रथम त्रैमासिक परीक्षाको प्राप्ताङ्कलाई छाँया पारेर देखाइएको छ ।



(क) पेम्बाले पाएको प्राप्ताङ्कलाई भिन्नमा लेख्नुहोस् । 1K

(ख) पेम्बाले पाएको प्राप्ताङ्कलाई दशमलबमा लेख्नुहोस् । 1U

(ग) पेम्बाले परीक्षामा कति प्रतिशत अङ्क प्राप्त गरेकी रहिछन् ? 1U

(घ) पेम्बाको साथी रहमानले उक्त परीक्षामा पाएको प्राप्ताङ्क भिन्नमा $\frac{7}{10}$ रहेछ भने कसले बढी पाएको रहेछ ? कारण सहित लेख्नुहोस् । 2H

6. (क) 5446 लाई नजिकको दशमा शुन्यान्त गर्दा कति हुन्छ, लेख्नुहोस् । **1K**

चित्रमा देखाइएको कार्टुन भित्र जम्मा 45 ओटा साबुन अटाउँछन ।

(ख) उस्तै 345 ओटा कार्टुनभित्र अट्ने जम्मा साबुनको सङ्ख्या पत्ता लगाउन कुन गणितीय क्रिया गर्नु पर्दछ ? **1K**

(ग) उस्तै 345 ओटा कार्टुनभित्र जम्मा कति ओटा साबुन अटाउँछन, पत्ता लगाउनुहोस् । **2A**

7. तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।

(क) 1 वर्षमा कति महिना हुन्छ ? **1K**

(ख) 5 मिटरलाई सेन्टिमिटरमा रुपान्तर गर्नुहोस् । **1U**

(ग) 5000 मिलिलिटरलाई लिटरमा रुपान्तर गर्नुहोस् । **1U**

दिइएको चित्रमा प्रत्येक साना कोठाहरु 1 वर्ग से.मि. का छन् ।

(घ) लम्बाइ र चौडाइतिरका कोठाहरू गनी पुरै चित्रको क्षेत्रफल र परिमिति कति कति हुन्छ, पत्ता लगाउनुहोस् । **2A**



8. दिइएको तालिका अध्ययन गर्नुहोस र तल सोधिएका प्रश्नहरुको उत्तर दिनुहोस् ।

क्र.सं	समानको नाम	मूल्य	करसहितको मूल्य
1	घडी	5650	रु 6,384 र 50 पैसा
2	मोवाइल	15470	रु 17,481 र 10 पैसा
3	हेडफोन	2500	रु 2825

(क) 2 ओटा घडी किन्दा करसहित कति रकम तिर्नुपर्छ ? **1A**

(ख) 3 ओटा मोवाइल र एउटा हेडफोन किन्न करसहित जम्मा कति रकम आवश्यक पर्छ ? **2A**

(ग) यदि तपाईंले घडी, मोवाइल र हेडफोन एक एकओटा किन्नु भयो भने जम्मा कति रुपियाँ करबापत तिर्नु पर्ने हुन्छ, पत्ता लगाउनुहोस् । **2H**

9. सरस्वती माध्यमिक विद्यालयका ५० जना विद्यार्थी सहितको वनभोज कार्यक्रमको आम्दानी र खर्चको विवरण तल तालिकामा दिइएको छ ।

आम्दानी		**खर्च**	
शीर्षक	**रकम (रु)**	**शीर्षक**	**रकम (रु)**
विद्यार्थीहरूबाट सङकलित रकम	40,000	खानामा	40,000
विद्यालयबाट सहयोग	25,000	यातायात	9,500
		म्युजिक सिस्टम	3000
		पेय पदार्थ	5000
		विविध	1500
जम्मा	65,000		59,000

(क) यातायातमा कति रुपियाँ छुट्टाइएको छ ? 1K

(ख) वनभोजबाट कति रकम बचत भएको रहेछ, पत्ता लगाउनुहोस् । 1A

(ग) वनभोजबाट बचत भएको रकम विद्यार्थीहरुलाई दामासाहीले फिर्ता दिने भएछन् । अब एकजना विद्यार्थीको कति रकम वनभोज कार्यक्रममा खर्च भएछ, पत्ता लगाउनुहोस् । 1HA

10. श्रीपद्म माध्यमिक विद्यालयको शैक्षिक बर्ष २०७८ को कक्षा ६ देखी १२ सम्मका विद्यार्थीहरुको भर्ना विवरणका आधारमा तयार गरिएको स्तम्भ चित्र तल दिइएको छ । उक्त स्तम्भ चित्रको अवलोकन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् ।



(क) सबैभन्दा कम विद्यार्थी सङ्ख्या भएको र सबैभन्दा धेरै विद्यार्थी सङ्ख्या भएको कक्षा कुन कुन हुन् ? 2U

(ख) उक्त विद्यालयमा जम्मा कति जना विद्यार्थीहरु रहेछन् ? 1A

11. खाली कोठामा उपयूक्त शब्द, सङ्ख्या वा चिह्न भर्नुहोस् ।

(क) x ले बैशाख महिनाका शनिबार पर्ने दिनहरु जनाउँछ भने x लाई ☐ भनिन्छ । **1K**

(ख) $5 + 7 = \square$ **1K**

(ग) $\square + 2 = 7$ **1U**

(घ) $15 - \square = 6$ **1U**

(ङ) $27 \ \square \ 3 = 9$ **1A**

12. 15 ओटा सुन्तला केही मानिसहरुलाई बराबर हुने गरी बाँड्दा प्रत्येकले 3 ओटाका दरले पाएछन् भने

(क) कोठा सङ्केतको प्रयोग गरी गणितीय वाक्यमा लेखी कति जना मानिसहरुलाई बाँडिएको रहेछ, पत्ता लगाउनुहोस् । **2A**

(ख) प्रत्येक मानिसले 5/5 ओटाका दरले पाउन कतिओटा सुन्तला थप गर्नु पर्दछ ? **1HA**

आधारभूत तह (कक्षा ४-५) को परिमार्जित पाठ्यक्रम, २०७८ मा आधारित विशिष्टीकरण तालिका

विज्ञान तथा प्रविधि

(पृष्ठपोषण प्रति)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

पाठ्यक्रम विकास केन्द्र

विशिष्टीकरण तालिका (सैद्धान्तिक मूल्याङ्कन)

विषय : विज्ञान तथा प्रविधि कक्षा: ४

पूर्णाङ्क : ५० **समय : २ घण्टा**

क्र. स.	एकाइ	कार्य घण्टा	संज्ञानात्मक तह				समूहगत अङ्कभार	एकाइगत अङ्कभा
			ज्ञान (३०%)	बोध (३०%)	प्रयोग (३०%)	उच्च दक्षता (१०%)		
१.	वैज्ञानिक सिकाइ	१०	बहुवैकल्पिक प्रश्न (३×१) धेरै छोटा.प्रश्न (२×१) छोटा.प्रश्न (३×२) लामो.प्रश्न (१×४)	बहुवैकल्पिक प्रश्न (३×१) धेरै छोटा.प्रश्न (२×१) छोटा.प्रश्न (३×२) लामो.प्रश्न (१×४)	बहुवैकल्पिक प्रश्न (३×१) धेरै छोटा.प्रश्न (२×१) छोटा.प्रश्न (३×२) लामो.प्रश्न (१×४)	बहुवैकल्पिक प्रश्न (१×१) लामो.प्रश्न (१×४)	१२	३
२.	सूचना तथा सञ्चार प्रविधि	३०						९
३.	जीव र वातावरण	१०					१६	३
४.	जीवहरूको वर्गीकरण	२५						८
५.	जीवन प्रक्रिया	१५						५
६.	पदार्थ	३०					२२	१०
७.	दैनिक जीवनमा शक्ति	२०						६
८.	पृथ्वी र अन्तरिक्ष	२०						६
	जम्मा	**१६०**	**१५**	**१५**	**१५**	**५**	**५०**	**५०**

समग्र प्रश्न योजना

	प्रश्नको प्रकार	**प्रति प्रश्न** अङ्कभार	**प्रश्न सङ्ख्या**				**जम्मा प्रश्न**	**जम्मा** अङ्कभार
१.	बहुवैकल्पिक प्रश्न	१ अंक	**३**	**३**	**३**	**१**	**१०**	१०
२.	धेरै छोटा.प्रश्न	१ अंक	**२**	**२**	**२**		**६**	६
३.	छोटा.प्रश्न	२ अंक	**३**	**३**	**३**		**९**	१८
४.	लामा प्रश्न	४ अंक	**१**	**१**	**१**	**१**	**४**	१६
कुल			**९**	**९**	**९**	**२**	**२९**	**५०**

द्रष्टव्य :

- प्रश्न निर्माण गर्दा ज्ञान, बोध र प्रयोग, विश्लेषण, मूल्याङ्कन र सिर्जनालाई माथि उल्लिखित कार्यघण्टा र अङ्कभारअनुसार बनाउनुपर्ने छ ।
- बहुवैकल्पिक प्रश्न र अति छोटा प्रश्न १ अङ्क, छोटा प्रश्न २ अङ्क र लामा प्रश्न ४ अङ्कका दरले सोध्नुपर्ने छ ।
- समूहको जम्मा अङ्कभारमा घटबढ गर्न पाइने छैन तर समूहभित्रका एकाइमा ±२ हुन सक्ने गरी प्रश्न बनाउन सकिने छ । तर कुनै एकाइलाई शून्य गर्न पाइने छैन ।
- २ वा ४ अङ्कका प्रश्नकालागि एक प्रश्नको एक उत्तर (1 mark will be assigned per element expected as correct response) आउने गरी प्रश्न निर्माण गर्नुपर्ने छ ।
- छोटा र लामा प्रश्न एउटै तहका वा दुई वा एकभन्दा बढी संज्ञानात्मक क्षेत्रअन्तर्गतका तहहरू समेट्ने गरी प्रश्न बनाउन पनि सकिने छ । तर समग्रमा उल्लिखित तहको जम्मा भारसँग मिल्ने गर्नुपर्छ ।

पाठ्यक्रम विकास केन्द्र

आधारभूत तह (कक्षा ४-५) को परिमार्जित पाठ्यक्रम, २०७८ मा आधारित विशिष्टीकरण तालिका

(नमुना प्रश्नपत्रसमेत)

स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला

(पृष्ठपोषण प्रति)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

Curriculum Development Centre

विशिष्टीकरण तालिका
सैद्धान्तिक मूल्याङ्कन

विषय : : स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला

कक्षा: ४ र ५ **पूर्णांक : ५०** **समय : २ घण्टा**

				प्रश्न योजना तथा अङ्कभार वितरण																		
एकाइ	क्षेत्र/एकाइ	पाठ्य घण्टा	अङ्क भार	ज्ञान			बोध			प्रयोग			उच्च दक्षता			जम्मा प्रश्न सङ्ख्या			जम्मा अङ्कभार			जम्मा अङ्क
				अति छोटा	छोटा	लामो	अति छोटा	छोटा	लामो	अति छोटा	छोटा	लामो	अति छोटा	छोटा	लामो	अति छोटा	छोटा	लामो	अति छोटा	छोटो	लामो	
१.	व्यक्तिगत स्वच्छता	५	४	४	१		२	१	१		१	१		१	१	६	४	३	६	८	१२	२६
२.	वातावरणीय सरसफाइ	६	५																			
३.	खाना र पोषण	६	५																			
४.	रोगहरू, धूमपान र मद्यपान	१०	८																			
५.	सुरक्षा र प्राथमिक उपचार	५	४																			
६	कवाज र शारीरिक कसरत	४	१	२				१	१		१			१		२	३	१	२	६	४	१२
७	एथ्लेटिकस र जिम्नास्टिक्स	१०	४																			
८.	साधारण, स्थानीय र बल खेलहरू	१२	५																			
९	योग	६	२																			
१०	रेखाचित्र र रङ	६	२	२				१			१	१		१		२	३	१	२	६	४	१२
११	छपाइ, माटाको काम र निर्माण कार्य	१०	४																			
१२	गायन र वादन	१०	४																			
१३	नृत्य र अभिनय	६	२																			
जम्मा		९६	५०	८	१		२	३	२		३	२		३	१	१०	१०	५	१०	२०	२०	५०

- प्रश्न निर्माण गर्दा निम्नलिखित तहका प्रश्न (ज्ञान, बोध र प्रयोग) तथा उच्च तहका प्रश्न (विश्लेषण, मूल्याङ्कन र सिर्जना) सबै तहका प्रश्न र सबै एकाइको पाठयघण्टालाई ध्यानमा राखेर प्रश्न बनाउनुपर्ने छ। अति छोटा प्रश्न १ अङ्क, छोटा प्रश्न २ अङ्क र लामा प्रश्न ४ अङ्कका दरले सोध्नुपर्ने छ।
- स्वास्थ्यका् खण्डमा अङ्कभारमा २६ घटबढ नहुने गरी यस खण्डभित्रका एकाइहरुमा +- २ हुन सक्ने गरी प्रश्न बनाउन सकिने छ।
- शारीरिक खण्डमा जम्मा अङ्कभार १२ घटबढ नहुने गरी यस खण्डभित्रका एकाइमा +- २ हुन सक्ने गरी प्रश्न बनाउन सकिने छ।
- सिजनात्मक कलाको खण्डमा जम्मा अकभार १२ घटबढ नहुने गरी यस खण्डभित्रका एकाइमा +- २ हुन सक्ने गरी प्रश्न बनाउन सकिने छ ।

Curriculum Development Centre

Curriculum Development Centre

नमुना प्रश्नपत्र

विषय : स्वास्थ्य, शारीरीक तथा सिर्जनात्मक कला

कक्षा: ४ पूर्णाङ्क: १०० समय: २ घण्टा

समूह क Group 'A'

तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् : **१०×१=१०**

(Give very short answers to the following questions.)

१. व्यक्तिगत स्वच्छता भनेको के हो ? [What do you mean by personal hygiene?]

२. वातावरण किन सफा राख्नुपर्दछ ? कुनै एक कारण लेख्नुहोस् । [Why should we keep our surroundings clean? Write any one reason.]

३. सन्तुलित आहार भनेको के हो ? एक वाक्यमा लेख्नुहोस् । [What is balanced diet? Write in one sentence.]

४. दुषित खाना र पानीबाट सर्ने कुनै दुईओटा रोगको नाम लेख्नुहोस् । [Write the name of any two diseases caused by contaminated food and water.]

५. विद्यालयमा दुर्घटना हुन नदिनका लागि तपाईंले अपनाउने कुनै एक सुरक्षाको उपाय लेख्नुहोस् ।

[Write any one safety measures you adopt in your school to protect from accident.]

६. खानाका मुख्य दई स्रोत के के हुन्लेख्नुहोस् [What are the two major sources of food? Write down.]

७. कवाज भनेको के हो ? एक वाक्यमा लेख्नुहोस् । [What do you mean by "Drill"? Write in one sentence.]

८. कस्ता खेललाई स्थानीय खेल भनिन्छ ?[What types of games are called local game ?] (ज्ञान तह)

९. कस्तो प्रकारको रङलाई द्धितीय रङ भनिन्छ ? [What kinds of colours are called secondary colours ?]

Curriculum Development Centre

१०. अभिनय भनेको के हो ? एक वाक्यमा लेख्नुहोस् । [What is meant by acting? Write in one sentence.]

समूह ख Group 'B'

तलका प्रश्नको सङ्क्षिप्तमा उत्तर दिनुहोस् : १०×२=२०

(Answer the following questions in brief.)

११. महिनावारी हुँदा ध्यान दिनुपर्ने कुनै दुईओटा कुरा लेख्नुहोस् ।[Write any two attentions to be paid during menstruation.]

१२. घर वरपरको वातावरण सफा राख्नु पर्नाका कुनै दुईओटा कारण लेख्नुहोस् । [Write any two causes of keeping our surroundings clean.]

१३. परिवारका सदस्यलाई धुम्रपानबाट टाढा रहन तपाईंले के सुझाव दिनुहुन्छ? कुनै दुईओटा सुझाव लेख्नुहोस् ।[What suggestions do you provide to your family members to keep them away from smoking? Write any two suggestions.]

१४. दुर्घटना कम गर्न विद्यालयले गर्नुपर्ने कुनै दुईओटा काम लेख्नुहोस् । [Write any two works that should be done by a school to decrease the accidents.]

१५. हामीले शारीरिक व्यायाम किन गर्नुपर्दछ ? कुनै दुईओटा कारण लेख्नुहोस् ।[Why should we do physical exercise? Write any two reasons.]

१६. तपाईंलाई मन पर्ने कुनै एक स्थानीय खेल खेल्ने तरिका छोटकरीमा लेख्नुहोस् ।[Write the methods of playing any one of your favorite local game.]

१७. शरीर तन्दुरुस्त भएमा मष्तिस्क पनि स्वस्थ्य रहन्छ, पुष्टि गर्नुहोस । [If our body remains healthy, our brain remains healthy too. Justify it.]

१८. स्थानीय लोक नृत्य गर्दा के के कुरामा ध्यान दिनुपर्दछ ? कुनै दुई कुरा लेख्नुहोस् ।[What points should be considered in doing folk dance? Write any two of them.]

१९. तपाईंले बनाएको कुनै एक वस्तुको चित्र कोरी उपयुक्त रङ भर्दा ध्यान दिनुपर्ने कुनै दुई कुरा लेख्नुहोस् ।[Write down any two things to be considered while filling colours in the drawing you make.]

Curriculum Development Centre

२०. तपाईंको मातृभाषामा सुनेको वा गाउने गरेको कुनै एउटा गितको दुई पङक्ती लेख्नुहोस् ।[Write any two lines of a song in your mother language that you have heard and sung.](उच्च दक्षता)

समूह ग Group 'C'

तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् : **५×४=२०**

(Give long answers to the following questions.)

२१. तपाईंले आफ्नो समुदायमा सरुवा रोगबाट बच्नका लागि समुदायका मानिसलाई के के सुझाव दिनुहुन्छ ? कुनै चारओटा सुझाव लेख्नुहोस् । [What suggestions do you make to the people in your community to protect them from communicable diseases? Write any four suggestions.](

२२. तपाईंको गाँउघरमा पाइने खानेकुराबाट कसरी सन्तुलित आहार खान सकिन्छ ? चार बुँदामा लेख्नुहोस्।[How do you prepare balanced diet from the locally available food items? Write in four points.](

२३. वातावरण स्वच्छ र सफा राखेमा हामीलाई के फाइदा हुन्छ ? कुनै चारओटा बुँदामा लेख्नुहोस् ।

[What benefits do we get if we keep our surroundings clean? Write in four points.]

२४. योगासन हाम्रो शरीरका लागि फाइदाजनक छ । यसका कुनै भारओटा फाइदा लेख्नुहोस् ।[What benefits do we get from yoga to our body ? Write any four benefits.]

२५. तपाईं बस्ने ठाउँमा बजाइने वा आफूलाई मन पर्ने कुनै दुई स्थानीय बाजाको चित्र बनाई उपयुक्त रङ भर्नुहोस् । [Draw the pictures of any two folk instruments of your community or of your choice and colour them appropriately.]

-o-

Curriculum Development Centre

आधारभूत तह (कक्षा ४-५) को परिमार्जित पाठ्यक्रम,
२०७८ मा आधारित विशिष्टीकरण तालिका

सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा

(पृष्ठपोषण प्रति)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

विशिष्टीकरण तालिका

कक्षा ४–५ **पूर्णाङ्क : ५०**

एकाइ	कार्य घण्टा	अति छोटो			छोटो			लामो			एकाइअनुसार अङ्क विभाजन
		ज्ञान र बोध	प्रयोग र सिर्जनात्मक सिप	उच्च दक्षता	ज्ञान र बोध	प्रयोग र सिर्जनात्मक सिप	उच्च दक्षता	ज्ञान र बोध	प्रयोग र सिर्जनात्मक सिप	उच्च दक्षता	
१. हामी र हाम्रो समाज	२०				१(३)	१(३)					६
२. हाम्रो मानव मूल्य मान्यता	२६		१(१)			१(३)				१(५)	९
३. नागरिक चेतना	२४	१(१)		१(१)				१(५)			७

४. सामाजिक समस्या , विकृति र समाधान	२०				१(३)		१(३)				६
५. हाम्रो विगत	१८	१(१)	१(१)		१(३)						५
६. हाम्रा आर्थिक क्रियाकलाप	२६	१(१)	१(१)		१(३)	१(३)					८
७. हाम्रो पृथ्वी	२६	१(१)			१(३)				१(५)		९
जम्मा	१६०	४	३	१	५	३	१	१	१	१	५०
		८X१=८			९X ३=२७			३ X ५=१५			

विषयः सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा **समयः २ घण्टा**

प्रश्नको किसिम	प्रश्न सङ्ख्या	जम्मा अङ्क भार
लामो उत्तर आउने प्रश्न	३	३ X ५ = १५
छोटो उत्तर आउने प्रश्न	९	९ X ३ = २७
धेरै छोटो उत्तर आउने प्रश्न	८	८ X १ = ८

जम्मा	२०	५०

प्रश्न	प्रतिशत
ज्ञान र बोध	४८
प्रयोग र सिर्जनात्मक सिप	३४
उच्च दक्षता	१८
जम्मा	१००

द्रष्टव्यः उच्च दक्षतामा विश्लेषण, समालोचनात्मक चिन्तन, मूल्य र अभिवृतसँग सम्वन्धित प्रश्नहरू सोधिने छ ।

कक्षा ४

विषय सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा

खण्ड (क) **८X१=८**

तल दिइएका प्रश्नको अति छोटो उत्तर लेख्नुहोस् :

१. तपाईंले आत्म अनुशासन कायम राख्न गर्ने गरेका कुनै एक बानी व्यवहार उल्लेख गर्नुहोस् ।

२. बाल अधिकारमा पर्ने कुनै दुई अधिकार लेख्नुहोस् ।

३. वडा कार्यालयबाट प्रदान गर्ने सेवाको कुनै एक महत्त्व लेख्नुहोस् ।

४. आफ्नो समुदायमा योगदान पुऱ्याउने व्यक्तिलाई किन सम्मान गर्नुपर्दछ ? आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

५. तपाईंका पुर्खाले गरेको कुनै एउटा योगदान लेख्नुहोस् ।

६. स्थानीय क्षेत्रमा उत्पादित वस्तुको उपयोग गर्दा हुने कुनै एक फाइदा लेख्नुहोस् ।

७. तपाईंले मितव्ययी हुन के के गर्ने गर्नुभएको छ ? दुई बुँदामा लेख्नुहोस् ।

८. बाढी पहिरोले गर्ने कुनै एक असर लेख्नुहोस् ।

खण्ड ख

तल दिइएका प्रश्नको छोटो उत्तर लेख्नुहोस : ९x३=२७

९ छिमेकमा के कस्ता सहयोग आदान प्रदान गर्न सकिन्छ, उल्लेख गर्नुहोस् । ३

१० आफ्नो घरमा प्रयोग हुने पेसागत सामग्रीको जतन कसरी गर्दै आउनुभएको छ ? सामग्रीको नाम र जतन गर्ने तरिका उल्लेख गर्नुहोस् । १ +२

११. तपाईंले के कस्ता असल बानी व्यवहारलाई आफ्नो दैनिक जीवनमा उतार्नु भएको छ ? ३

१२. असल समाज भनेको के हो ? असल समाजका कुनै दुई विशेषता लेख्नुहोस् । १ +२

१३. समाजमा हुने विभिन्न सामाजिक समस्या निराकरणका कुनै तीनओटा उपायको चर्चा गर्नुहोस् । ३

१४. तपाईं बस्ने गाउँटोलको महत्त्व तीन बुँदामा स्पष्ट पार्नुहोस् । ३

१५. आफ्नो समुदायमा उत्पादन भएका वस्तुको प्रयोग गर्दा हुने कुनै तीनओटा फाइदा उल्लेख गर्नुहोस् । ३

१६ मितव्ययिता सम्बन्धमा साथीसँग गरिने छोटो संवादको नमुना तयार पार्नुहोस् । ३

१७. तपाईं रहनु भएको स्थानीय तहको भौगोलिक अवस्था र हावापानीको छोटो परिचय दिनुहोस् । २ +१

समूह 'ग'

लामो उत्तरात्मक प्रश्न **३x५=१५**

१८. हाम्रा राष्ट्रिय विभूतिको योगदानबाट तपाईँमा कस्तो प्रेरणा प्राप्त गर्नुभयो, चर्चा गर्नुहोस् । ५

१९. प्रहरी चौकी र स्वास्थ्य चौकीबाट प्राप्त हुने सेवाको सूची तयार पार्नुहोस् । २.५+२.५

२०. आफ्नो जिल्लाको नक्सा तयार पारी जिल्लाका मुख्य नदी र आफू रहेको स्थानीय तहसमेत देखाउनुहोस् । २+१+२